# पर्सागढी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा

मधेश प्रदेश, नेपाल।

प.स.२०८२/०८३

च.नं.

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/११ गते

विषयः- घर/भवन नक्सा पास तथा अभिलेखिकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।

पर्सागढी नगरपालिका अन्तर्गत नयाँ भवन निर्माण, पुरानो भवन भत्काई पुनः निर्माण, तल्ला थप गर्ने, मोहडा फेर्ने वा साविकमा थपघट गरी झ्याल, ढोका, बार्दली, कौशी, दलान, टहरा, तवेला वा ग्यारेज बनाउने वा कम्पाउण्ड वाल लगाउने जस्ता कार्यहरु स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ को उपदफा १ बमोजिम नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण नगर्नु नगराउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस पर्सागढी नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८२ जेष्ठ २० गतेको निर्णय अनुसार पुरानो आवासिय तथा गैर आवासिय भवनहरुको अभिलेखिकरण कार्य २०८२ पौष मसान्त भित्र गराएमा नक्सा पास दस्तुरमा ५०% छुट रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको अवधि भित्र अभिलेखीकरण कार्य नगराई पछि पेश हुने निवेदनहरुमा नयाँ भवन सरह दस्तुर लाग्ने व्यहोरा समेत अनुरोध छ।

२०८२/०४/११

राजु प्रसाद साह

प्रमुख प्रशासकीय अधिकृत

उपसचिव